## कर्जा सेवा (Loan Services)

### साधारण कर्जा
साधारण कर्जा ६ महिना देखि १ वर्षको लागि रू.१००० –रू. १,५०,००० सम्म विना धितो यस कर्जा प्रदान गरिन्छ ।

### व्यवसायिक कर्जा
व्यवसायिक कर्जा ६ महिना देखि १ वर्षको लागि रू. २५,००० – रू. १,५०,००० सम्म विना धितो यस कर्जा प्रदान गरिन्छ ।

### अनुशासन कर्जा
साधारण कर्जा दिई एक चक्र पार गरिसकेका र वित्तीय कारोबार राम्रो भएका अनुशासित ऋणी सदस्यहरूलाई साधारण कर्जा समेत गरि रू. १,५०,००० सम्म विना धितो यस कर्जा प्रदान गरिन्छ ।

### लघु उद्यम कर्जा
लघु उद्यम कर्जा २ वर्षको लागि रू.१,००,००० – रू. ७,००,००० सम्म प्रयाप्त धितो लिई यस कर्जा प्रदान गरिन्छ ।

### कृषि कर्जा
धान, मकै, गहुँ, कोदो, फापर, तोरी, उखु, चिया, कफि, अलैंची आदि कृषिजन्य उपज उत्पादन गर्न रू. १,००० – रू. १,५०,००० सम्म विना धितो यस कर्जा प्रदान गरिन्छ ।

### पशुपंक्षी पालन कर्जा
गाई, भैसी, बाख्रा, खसी, कुखुरा, हाँस, माछा आदि पशुपंछि पालन गर्नको लागि रू. १,००० –रू. १,५०,००० सम्म विना धितो यस कर्जा प्रदान गरिन्छ ।

### शैक्षिक कर्जा
सदस्यहरूको छोराछोरीको उच्च शिक्षा हाँसिल गर्नका लागि धितो/विना धितो यस कर्जा प्रदान गरिन्छ ।

### वैदेशिक रोजगार कर्जा
सदस्यहरूको घर परिवारका सदस्यहरूलाई वैदेसिक रोजगारीका लागि धितो/विना धितो यस कर्जा प्रदान गरिन्छ ।

### आपतकालिन कर्जा
सदस्यहरूलाई आकस्मिक रूपमा पैसाको आवश्यकता परेमा र सो आवश्यकता पुरा नगरेमा ठुलो क्षती हुनसक्ने अवस्था सिर्जना भएमा विनाधितो यस कर्जा प्रदान गरिन्छ ।

## बचत सेवाहरू

**अनिवार्य बचत :**

१ समूह बचत
२ केन्द्रकोष बचत
३ उपकार कोष

**ऐच्छिक बचत :**

१ व्यक्तिगत बचत
२ रोयल पेन्सन बचत
३ पर्व बचत
४ रोयल बीमा बचत
५ मुद्दती निक्षेप

## रोयल पेन्सन बचत योजना
(Royal Pension Savings Scheme)

| बचत दर प्रति महिना | १० बर्षे योजना | | १५ बर्षे योजना | |
|---|---|---|---|---|
| | रोयल पेन्सन खातामा पुग्ने रकम | प्राप्त हुने एकमुष्ट सुविधा रकम | रोयल पेन्सन खातामा पुग्ने रकम | प्राप्त हुने एकमुष्ट सुविधा रकम |
| रु १०० | १२,०००/- | १८,०००/- | १८,०००/- | ३६,०००/- |
| रु २०० | २४,०००/- | ३६,०००/- | ३६,०००/- | ७२,०००/- |
| रु ३०० | ३६,०००/- | ५४,०००/- | ५४,०००/- | १,०८,०००/- |
| रु ४०० | ४८,०००/- | ७२,०००/- | ७२,०००/- | १,४४,०००/- |
| रु ५०० | ६०,०००/- | ९०,०००/- | ९०,०००/- | १,८०,०००/- |
| रु ६०० | ७२,०००/- | १,०८,०००/- | १,०८,०००/- | २,१६,०००/- |
| रु ७०० | ८४,०००/- | १,२६,०००/- | १,२६,०००/- | २,५२,०००/- |
| रु ८०० | ९६,०००/- | १,४४,०००/- | १,४४,०००/- | २,८८,०००/- |
| रु ९०० | १,०८,०००/- | १,६२,०००/- | १,६२,०००/- | ३,२४,०००/- |
| रु १००० | १,२०,०००/- | १,८०,०००/- | १,८०,०००/- | ३,६०,०००/- |

## संस्थाले लघुवित्त कार्यक्रम सञ्चालन गर्नुको प्रमुख कारण

नेपालमा अधिकांश जनता चरम गरिबीको रेखामुनी रहेका छन् । जबसम्म गरिब तथा विपन्न वर्गका परिवारहरुलाई आर्थिक सेवा तथा सुविधाहरुको पहुँच पु्याउन सकिदैन तबसम्म समुन्नत समाज र राष्ट्रको विकास गर्न सकिदैन । त्यसैले यस संस्थाले आर्थिक रुपमा पिछडिएका महिला दिदीबहिनीहरुलाई बिना धितो आर्थिक सेवा तथा सुविधाहरु प्रदान गर्दै महिला शसक्तिकरण तथा गरिबी न्यूनिकरणमा अहम भूमिका खेली राष्ट्रको आर्थिक विकासमा योगदान दिन यस संस्थाले लघुवित्त कार्यक्रमलाई आफ्नो प्राथमिकतामा राखी सेवा प्रदान गर्दै आएको छ ।


रोयल बहुउद्देश्यीय सहकारी संस्था लि.
Royal Multipurpose Cooperative Ltd.
LIVE LIKE ROYAL LIFE!
Royal Complex, Basundhara Ring Road, Kathmandu, Nepal,
P.O. Box: 11683, Tel: 4354046, 4364458, Fax: 4387597
E-mail:info@royalcooperative.com.np
Web:www.royalcooperative.com.np
Member Service Centre: Budhanilkantha, Kathmandu
Tel: 01-4378270, 4378276


# रोयल लघुवित्त
## बन्छ जिन्दगी




रोयल बहुउद्देश्यीय सहकारी संस्था लि.
Royal Multipurpose Cooperative Ltd.
LIVE LIKE ROYAL LIFE!

# लघुवित्त कार्यक्रमको परिचय

सामाजिक तथा आर्थिक रुपले पिछडिएका गरिब एवं विपन्न वर्गका मानिसहरुलाई कृषि तथा आयमुलक व्यापार व्यवसाय गर्नका लागि सरल तरिकाले वित्तीय सेवा तथा सुविधाहरु उपलब्ध गराई आत्मनिर्भर, स्वाभिमानी र सम्मानित जीवन बाँच्न सहयोग पुऱ्याउने उद्देश्यले यस संस्थाले लघुवित्त कार्यक्रम संचालन गरिरहेको छ।

यस कार्यक्रमको प्रमुख उद्देश्य गरिवी न्यूनिकरणका लागि सरल तरिकाले विना धितो कर्जा उपलब्ध गराई सदस्यहरुको आयस्तरमा वृद्धि गर्नु र महिलाहरुलाई आवश्यकता अनुसार विभिन्न किसिमका तालिमहरु सञ्चालन गरी महिला शसक्तिकरणमा टेवा पुऱ्याउनु रहेको छ। साथै उनिहरुसँग रहेको स-सानो बचत संकलन गरी सदस्यहरुको बचत गर्ने बानीको विकास गरी सुनौलो भविष्यको आधार निर्माण गर्नु रहेको छ।

नेपालमा शहरी, अर्धशहरी तथा ग्रामीण भेगका अधिकांश जनता साँझ बिहान दुई छाक टार्न पनि नसक्ने अवस्था रहेका छन्। साथै अधिकांश जनताको बौद्धिक सीप र क्षमता हुँदाहुँदै पनि आर्थिक कमजोरीले गर्दा यस्ता सीप र क्षमता निष्क्रिय रहेको छ। यस संस्थाको मूल नारा **'विपन्न मानिसहरुलाई उद्यमी र आत्मनिर्भर'** बनाउनु रहेको छ।

यसरी अर्थिक हिसाबले सिमान्तकृत समुदाय विशेष गरी महिलालाई सामुहिक जमानीमा साना कर्जा वितरण गरी आर्थिक सामाजिक रुपमा सवल बनाई एक समुन्नत समाजको स्थापना गरी राष्ट्रको गरिबी निवारणमा टेवा पुऱ्याउनु यस संस्थाको प्रमुख उद्देश्य रहेको छ।

## परिकल्पना Vision

नेपालका आर्थिक तथा सामाजिक रुपमा सिमान्तकृत समुदायलाई वित्तीय सेवाको पहुँच पुऱ्याउँदै एक सवल र सक्षम संस्थाको रुपमा स्थापित गर्नु रहेको छ।

## ध्येय Mission

गरिब तथा विपन्न परिवार विशेष गरी महिला समुदायलाई वित्तिय सेवाको पहुँच पुऱ्याउँदै आर्थिक स्तरमा वृद्धि गर्नु यस संस्थाको प्रमुख अभियान रहेको छ।

## लक्ष्य Goal

यसको आधारभूत लक्ष्य भनेको धेरै भन्दा धेरै गरिब तथा विपन्न परिवारका घर-घरमा गई संस्थाले प्रदान गर्दै आएको आर्थिक सेवा तथा सुविधाको बारेमा जानकारी साथसाथै सेवा दिनु रहेको छ।

## उद्देश्यहरु Objectives

यस लघुवित्त कार्यक्रमको प्रमुख उद्देश्य शहरी, अर्धशहरी तथा ग्रामीण इलाकाका गरिब तथा विपन्न परिवारलाई साना तथा मझौला किसिमका कर्जा वितरण गरी व्यवसायिक तथा कृषि क्रियाकलापमा समावेश गराई गरिबी न्यूनिकरण गर्नु रहेको छ। साथै छरिएर रहेको निष्क्रिय पूँजीलाई निक्षेपको रुपमा संकलन गरी घरेलु तथा साना उद्योग, कृषि सेवा आदि जस्ता उत्पादनशील क्षेत्रमा लगानी गरी रोजगारीको सिर्जना गर्नु रहेको छ।




## लघुवित्त कार्यक्रम अन्तर्गत उपलब्ध हुने सेवाहरु:

### क) साधारण समूह (General Group)

इमान्दार, मेहनती, लगनशील, सिर्जनशील र एकआपसमा चिनजान भई विश्वास भएका साथै दुःख पिडा पर्दा आत्मीय भावले एकअर्कालाई मद्दत गर्नु पर्छ भन्ने भावना भएका साथसाथै आय आर्जनका कामहरु गरी आफ्नो खुट्टामा आफै उभिनुपर्छ भन्ने अठोट लिएका महिलाहरु यस कार्यक्रममा सहभागी हुन सक्दछन्। यसमा कम्तीमा १० देखि बढीमा ३० जना सदस्यहरु हुनुपर्दछ। कार्यक्रममा समावेश हुन चाहने महिलाहरुलाई पायक पर्ने ठाउँमा गई संस्थाका कर्मचारीहरुद्वारा ७ दिनको समुह प्रवेश पूर्व तालिम (PGT) दिइन्छ। तालिममा सफल सदस्यहरुबाट केन्द्र गठन गरिन्छ। केन्द्र बैठक मासिक रुपमा निर्धारित दिन तथा समयमा सञ्चालन हुन्छ। प्रत्येक केन्द्र बैठकमा बचत तथा कर्जाको सदुपयोगता किस्ता संकलन, बचत फिर्ता, कर्जा माग तथा वितरण साथै सदस्यहरुका समस्याका बारेमा छलफल गरिन्छ। ऋण सामुहिक जिम्मेवारी रहने गरी बना धितो लगानी गरिन्छ।

### ख) व्यवसायिक समुह (Business Group)

बजार तथा ग्रामीण क्षेत्रमा बसोबास गरी लघु व्यवसाय सञ्चालन गरिरहेका उद्यमशिल महिला व्यवसायिहरुबाट व्यवसायिक समूह गठन गरिन्छ। समूहमा आपसमा मिलेर बस्ने सामुहिक जिम्मेवारी बहन गर्न मञ्जुर भएका विशेष गरी साना व्यवसाय सञ्चालन गरिरहेका र थप चालु पूँजीको आवश्यकता परेका महिलाहरुलाई ७ दिनको समुह प्रवेश पूर्व तालिम (PGT) दिई व्यवसायिक समूहको निर्माण गरिन्छ। ऋणको लगानी गर्दा सामुहिक जिम्मेवारी रहने गरी विना धितो लगानी गरिन्छ।


### ग) कृषी उत्पादन समूह (Agriculture Production Group)

विभिन्न किसिमका कृषीजन्य उपज उत्पादन गर्ने जस्तैः धान, मकै, गहुँ, कोदो, फापर, तोरी आदि र नगदे बाली अन्तर्गत जस्तैः उखु, चिया, कफी, अलैंची आदि खेती किसान गर्ने मेहनति र लगनशिल महिला तथा पुरुषबाट कृषी उत्पादन समुह गठन गरिन्छ। समुहमा मिलेर बस्ने तथा सामुहिक जिम्मेबारी बहन गर्न मञ्जुर भएका महिला तथा पुरुष लाई ७ दिनको समुह प्रवेश पूर्व तालिम (PGT) दिएर कृषी उत्पादन समुह तयार गरिन्छ। ऋणको लगानी गर्दा सामुहिक जिम्मेवारी रहने गरी विना धितो लगानी गरिन्छ।



### घ) पशुपंक्षी पालन समूह (Livestock Group)

दुग्ध, मासु तथा महजन्य पदार्थ उत्पादनलाई सघाउ पुऱ्याउने उद्देश्यले गाई, भैंसी, बाख्रा, खसी, कुखुरा, हाँस, माछा तथा माहुरी पालन गर्ने लगनशील किसानहरुबाट पशुपंक्षी पालन समूह गठन गरिन्छ। समुहमा मिलेर बस्ने तथा सामुहिक जिम्मेबारी बहन गर्न मञ्जुर भएका महिला तथा पुरुषहरुलाई ७ दिनको समुह प्रवेश पूर्व तालिम (PGT) दिएर पशुपंक्षी पालन समुह तयार गरिन्छ। ऋणको लगानी गर्दा सामुहिक जिम्मेवारी रहने गरी विना धितो लगानी गरिन्छ।